# आकाशवाणी समाचार- नेपाली

मितिः १० जुलाई २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदी पाँच देशहरुको सफल भ्रमण पूरा गरी स्वदेश फर्कीरहनु भएको छ।

२. गृह मन्त्री अमित शाहले आज राँचीमा २७ औं पूर्वी क्षेत्रीय परिषदको बैठकको अध्यक्षता गर्नुहुने छ।

३. वित्त मन्त्री निर्मला सीतारमणले गैर-बैंकिंग वित्तीय कम्पनीहरू-एनबीएफसीहरूको लागि शासन, जोखिम व्यवस्थापन र ग्राहक सुरक्षाको नैतिकतामा जोड दिनुभएको छ।

४. मौसम विभागले आगामी तीन दिनसम्म मध्य प्रदेश, छत्तीसगढ र विदर्भमा भारी वर्षा र आँधीबेहरीका लागि 'ओरेन्ज अलर्ट' जारी गरेको छ।

५. विम्बल्डनको पुरुष र महिला सिंगल्सको सेमिफाइनल तय भएको छ।

र

६. क्रिकेटमा भारतीय महिला क्रिकेट टिमले चौथो ट्वान्टी–२० म्याचमा इंग्ल्यान्डलाई ६ विकेटले पराजित गर्दै शृंखला जितेको छ।

**पीएम मोदी-नामीबिया**

प्रधानमन्त्री नरेन्द्र मोदी पाँच देश घाना, त्रिनिदाद र टोबैगो, अर्जेन्टिना, ब्राजिल र नामिबियाको सफल भ्रमण पूरा गरी स्वदेश फर्कीरहनु भएको छ। भ्रमणको अन्तिम चरणमा भारत र नामिबियाले प्रधानमन्त्रीको उपस्थितिमा नामिबियामा स्वास्थ्य र औषधिको क्षेत्रमा सहयोग र उद्यमशीलता विकास केन्द्र स्थापनासम्बन्धी दुई समझदारीपत्रमा हस्ताक्षर गरेका छन् भने यस वर्षको अन्त्यमा नामिबियामा डिजिटल भुक्तानी प्रणालीको सुरुवात र भारत नेतृत्वको विश्वव्यापी पहलमा नामिबियाको प्रवेश, आपदा रोधी अवसंरचना गठबंधन (सीडीआरआई) र वैश्विक जैव ईंधन गठबंधन लगायत तीन प्रमुख घोषणाहरू पनि भएका छन।

यसैबीच भ्रमणका क्रममा प्रधानमन्त्री मोदी र नामिबियाका राष्ट्रपति राष्ट्रपति नेटुम्बो नंदी-नदैतवाबीच प्रतिनिधिमण्डलस्तरीय वार्तामा विविध विषयमा छलफल भएको विदेश मन्त्रालयका पूर्वी क्षेत्रका सचिव दाम्मु रविले बताउनु भयो। यसमा महत्वपूर्ण खनिज, हाइड्रोकार्बन, रक्षा सहयोग, स्वास्थ्यमा साझेदारी, डिजिटल सार्वजनिक पूर्वाधार, वातावरण र क्षमता निर्माणमा गहिरो सहयोग समावेश थियो। श्री रविले भन्नुभयो नामिबिया विश्वको पहिलो देश हो जहाँ एनपीसीआईले देशमा यूपीआई जस्तो भुक्तानी प्रणालीको कार्यान्वयनको लागि केन्द्रीय बैंकसँग टेक्नोलोजी सम्झौता गरेको छ। दुवै नेताले आतङ्कवादको निन्दा र बहुपक्षीय संस्थाहरूको सुधार जस्ता बहुपक्षीय मुद्दाहरूमा पनि छलफल गरे।

**प्रधानमंत्री नामीबिया संसद**

नामिबियाको संसदलाई सम्बोधन गर्दै प्रधानमन्त्री नरेन्द्र मोदीले अफ्रिकालाई कच्चा पदार्थको स्रोतका रुपमा मात्र नभई मूल्य निर्माण र दिगो विकासमा अग्रणी भूमिका निर्वाह गर्ने महादेशका रुपमा पनि हेर्नुपर्ने बताउनु भएको छ। प्रधानमन्त्री मोदीले अफ्रिकी संघको एजेन्डा २०६३, विशेषगरी औद्योगिकीकरणको लक्ष्यप्रति भारतको दृढ समर्थन रहेको दोहोर्याए। उहाँले रक्षा र सुरक्षाजस्ता महत्वपूर्ण क्षेत्रमा सहयोगलाई प्रगाढ बनाउन भारतको प्रतिबद्धता दोहोरयाए।

**(बाइट पीएम मोदी)**

सामूहिक प्रयासका लागि आह्वान गर्दै प्रधानमन्त्रीले अफ्रिकी देशहरूलाई आफ्नो मौलिक पहिचानको संरक्षण गर्दै शक्तिबाट नभई साझेदारीमार्फत भविष्य निर्माण गर्न आग्रह गर्नुभयो । श्री मोदीले भन्नुभयो भारत वैश्विक दक्षिणको बारेमा गहिरो चिन्तित छ र व्यक्तिगत रूपमा मात्र होइन, विश्वसँग मिलेर अघि बढ्नमा विश्वास गर्दछ।

**अमित शाह-ईज़ीसी बैठक**

केन्द्रीय गृह मन्त्री अमित शाहले आज राँचीमा २७ औं पूर्वी क्षेत्रीय परिषदको बैठकको अध्यक्षता गर्नुहुने छ । बैठकमा झारखण्ड, बिहार, उडिसा र पश्चिम बङ्गालका ७० जना प्रतिनिधिको सहभागिता रहने छ ।

बैठकमा ओडिशाको तर्फबाट मुख्यमन्त्री मोहनचरण मांझी, उपमुख्यमन्त्री पार्वती परिदा, मन्त्री मुकेश महालिंगम, बिहारको तर्फबाट उपमुख्यमन्त्री सम्राट चौधरी र पश्चिम बङ्गालको तर्फबाट मन्त्री चन्द्रिका भट्टाचार्यले प्रतिनिधित्व गर्नेछन् । यसैगरी झारखण्डका मुख्यमन्त्री हेमन्त सोरेन, मुख्य सचिव, गृह सचिव, पुलिस महानिर्देशक र अन्य अधिकारीहरूले झारखण्डको प्रतिनिधित्व गर्नेछन्।

**सीतारमण-एनबीएफसी**

केन्द्रीय वित्त मन्त्री निर्मला सीतारमणले गैर-बैंकिंग वित्तीय कम्पनीहरू-एनबीएफसीहरूको लागि शासन, जोखिम व्यवस्थापन र ग्राहक सुरक्षाको नैतिकतामा जोड दिनुभएको छ।

नयाँ दिल्लीमा आयोजित एनबीएफसी संगोष्ठी २०२५ लाई सम्बोधन गर्दै सीतारमणले एनबीएफसी मोडेल परिपक्व हुँदै जाँदा जोखिम प्रबंधनमा ध्यान दिनुपर्ने बताउनु भयो। उहाँले भन्नुभयो एनबीएफसी क्षेत्रको आधारशिला बलियो पूँजी भण्डार, बलियो ब्याज मार्जिन र रिटर्न, र कम हानि को स्तरमा आधारित छ। श्रीमती सितारमणले बैंक ऋणमा हालैका नियामकीय उपायहरूले ऋणको सम्भावनालाई अझ सुधार गर्ने र यस क्षेत्रको लागि समग्र वित्तपोषणलाई सुदृढ पार्ने अपेक्षा गरिएको बताउनु भयो। वित्तीय समावेशीकरणलाई वित्तीय शोषणको बहानाको रूपमा प्रयोग गर्न नमिल्ने बताउदै वित्तीय समावेशीकरणका नाममा हुने आर्थिक शोषण अस्वीकार्य रहेको बताउनु भयो ।

**जितेंद्र-शिकायतें**

केन्द्रीय कार्मिक, लोक शिकायत तथा पेन्सन राज्यमन्त्री डा जितेन्द्र सिंहले जनताका गुनासालाई सम्बोधन गर्ने तरिकामा आमूल परिवर्तन गर्न आह्वान गर्नुभयो भने नागरिकको सन्तुष्टि सुनिश्चित गर्न गुनासो सम्बोधन मात्र समाधानमा मात्र सीमित हुन नहुनेमा उहाँले जोड दिनुभयो । नयाँ दिल्लीमा आयोजित एक राष्ट्रिय कार्यशालालाई सम्बोधन गर्दै डा. सिंहले भन्नुभयो, 'हामीले नीति र प्रशासनिक नियममा भएका त्रुटिहरू पहिचान गर्ने अवसरको रूपमा उजुरीहरूलाई हेर्नुपर्छ।

**आरबीआई - ओटीसी**

भारतीय रिजर्भ बैंकले ओभर-द-काउन्टर-ओटीसी डेरिवेटिव सम्झौताहरूको नवीकरणको लागि मसौदा निर्देशनहरू जारी गरेको छ, जसमा हालको डेरिभेटिभ स्थितिलाई एक पक्षबाट अर्को पक्षमा स्थानान्तरण गर्ने प्रक्रियाको रूपरेखा प्रस्तुत गरिएको छ।

यसका लागी आरबीआईले आगामी महिनाको १ तारिखसम्ममा बैंकहरू, बजारका सहभागीहरू र सरोकारवालाहरूबाट मसौदामा टिप्पणी र सुझावहरू माग गरेको छ।

निर्देशिकाको मस्यौदाअनुसार ओटीसी डेरिवेटिव सम्झौता नवीकरणका लागि बाँकी पक्षको पूर्व सहमति आवश्यक पर्छ

**अमरीकी प्रतिबंध-यूएनएचआरसी**

अमेरिकाले संयुक्त राष्ट्रसंघीय मानवअधिकार परिषद्का विशेष दूत फ्रान्सेस्का अल्बानीसमाथि प्रतिबन्ध लगाएको छ । अमेरिकी र इजरायली नागरिकविरुद्ध मुद्दा चलाउने अन्तर्राष्ट्रिय आपराधिक न्यायालयको प्रयासलाई सहयोग पुरयाउने उद्देश्यले यो प्रतिबन्ध लगाइएको हो । अमेरिकी विदेशमन्त्री मार्को रुबियोले फ्रान्सेस्का अल्बानेसले अन्तर्राष्ट्रिय आपराधिक न्यायालयमा अमेरिकी र इजरायली अधिकारी, कम्पनी र कर्मचारीविरुद्ध कारबाहीका लागि दबाब दिने अनुचित प्रयास गरेको भन्दै प्रतिबन्ध लगाइएको बताउनु भएको छ ।

## मौसम

मौसम विभागले आगामी तीन दिनसम्म मध्य प्रदेश, छत्तीसगढ र विदर्भमा भारी वर्षा र आँधीबेहरीका लागि 'ओरेन्ज अलर्ट' जारी गरेको छ। विभागका अनुसार 15 जुलाईसम्म देशको उत्तरी र पूर्वी भू–भागमा भारीदेखि मध्यम वर्षाको सम्भावना रहेको मौसम विभागलेजनाएको छ। यसैगरी आसाम, मेघालय, नागाल्याण्ड, मणिपुर, मिजोरम र त्रिपुरामा पनि भारी वर्षाको सम्भावना रहेको मौसम विभागले जनाएको छ।

## विम्बलडन

विम्बल्डनको पुरुष र महिला सिंगल्सको सेमिफाइनल तय भएको छ। पुरुष सिंगल्सको सेमिफाइनलमा २४ पटकका ग्रान्डस्लाम विजेता सर्बियाका नोभाक जोकोभिचले विश्व नम्बर एक इटालीका यानिक सिनरसँग प्रतिस्पर्धा गर्नेछन्। सेमिफाइनलमा सिनरले अमेरिकाका बेन शेल्टनलाई तथा जोकोभिचले इटालीका फ्लाभियो कोबोलीलाई पराजित गरे।

## महिला क्रिकेट - भारत बनाम इंग्लैंड

क्रिकेटमा भारतीय महिला क्रिकेट टिमले म्यानचेस्टरमा चौथो ट्वान्टी–२० अन्तर्राष्ट्रिय म्याचमा आयोजक इंग्ल्यान्डलाई ६ विकेटले पराजित गर्दै पाँच खेलको शृंखला ३–१ ले जितेको छ।
यसअघि टस जितेर पहिले ब्याटिङ गरेको इंग्ल्यान्डले निर्धारित २० ओभरमा ७ विकेट गुमाएर १२६ रन बनाएको थियो। यसको जवाफमा ओपनर स्मृति मंधानाले ३२ र शेफाली वर्माले ३१ रनको मदतले भारतले १७ ओभरमा ४ विकेट गुमाउँदै लक्ष्य भेट्टायो।

## क्रिकेट-भारत इंग्लैंड

क्रिकेटमा भारत र इंग्ल्यान्डबीचको एन्डरसन–तेन्दुलकर ट्रॉफीको तेस्रो टेस्ट मैच आजदेखि लर्डसमा शुरु हुनेछ पाँच खेलको टेस्ट सिरिज हालो १–१ को बराबरीमा छ।

****** ० ******